23rd of November 2026 (Monday)

यो आकाशवाणी हो

शुरु गरौँ आजका मुख्य समाचार

- **नेपालका प्रधानमन्त्री बालेन्द्र शाहद्वारा राष्ट्रपति द्रौपदी मुर्मूसँग भेटवार्ता ।।**
- **भारत र नेपालबीच आठवटा सहकार्य सम्झौतामा हस्ताक्षर ।।**
- **सीमावर्ती गाउँको विकास र पूर्वाधार विस्तारमा केन्द्र सरकारको जोड।।**
- **भारत र नेदरल्यान्ड्सबीच रणनीतिक साझेदारी थप सुदृढ बनाउन विषयमा छलफल।।**
  अनी
- **केन्द्रीय बजेट २०२७–२८ का लागि वित्तमन्त्रीद्वारा पूर्व-बजेट परामर्श।।**

राष्ट्रपति द्रौपदी मुर्मू

नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले आज राष्ट्रपति भवनमा भारतकी राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेटवार्ता गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत राष्ट्रपति मुर्मूले भारत र नेपालबीचको विशिष्ट तथा बहुआयामिक सम्बन्धको बलियो आधार साझा सभ्यतागत विरासत र दुवै देशका जनताबीचको गहिरो आत्मीय सम्बन्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदी

भारत र नेपालले स्वास्थ्य, परम्परागत चिकित्सा, भू-उपग्रह सञ्चार, तालिम, दिगो सहरी विकास, शिक्षा तथा अनुसन्धान र पशुपन्छी तथा मत्स्य विकासलगायत आठ क्षेत्रमा सहकार्यका लागि सम्झौतामा हस्ताक्षर गरेका छन्। नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री बालेन्द्र शाहबीच भएको वार्तापछि सम्झौतामा हस्ताक्षर गरिएको हो। दुवै नेताले 'विकसित भारत र समुन्नत नेपालका लागि संयुक्त दृष्टिकोण' पनि स्वीकार गरेका छन्।
प्रधानमन्त्री मोदीले नेपालको पुनर्निर्माण र दीर्घकालीन विकासका लागि २४ हजार करोड नेपाली रुपैयाँको विकास सहयोग प्याकेज घोषणा गर्नुभयो। उहाँले भारतले नेपाललाई इन्धन तथा अन्य अत्यावश्यक वस्तुको आपूर्ति निरन्तर कायम राखेको बताउनुभयो।

प्रधानमन्त्री बालेन्द्र शाहले भारत नेपालका लागि विश्वासिलो साझेदार रहेको बताउँदै दुई देशबीच हवाई सम्पर्क विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।
दुवै प्रधानमन्त्रीले भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने पुलको उद्घाटन गर्नुभयो भने मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरण राष्ट्रलाई समर्पण गर्नुभयो। साथै, विभिन्न पूर्वाधार परियोजनाको शिलान्यास गर्नुभयो। यसैबीच, दुवै नेताले अयोध्या र जनकपुरधामबीच सञ्चालन हुने 'सरयू–कमला एक्सप्रेस' साप्ताहिक रेल सेवाको भिडियो कन्फरेन्समार्फत शुभारम्भ गर्नुभयो।

गृहमन्त्री अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाहले पूर्वोत्तर क्षेत्रको विकास र युवालाई रोजगारी प्रदान गर्नु नरेन्द्र मोदी सरकारको प्रमुख प्राथमिकता रहेको बताउनुभएको छ। अरुणाचल प्रदेशमा पाँच हजार ६१० करोड रुपैयाँभन्दा बढीका विकास योजनाहरूको शुभारम्भ गर्दै उहाँले सीमावर्ती गाउँमा पूर्वाधार र स्वास्थ्य सेवाको पहुँच विस्तार भइरहेको जानकारी दिनुभयो।
उहाँले 'भाइब्रेन्ट भिलेजेज कार्यक्रम' अन्तर्गत ११ सीमावर्ती जिल्लामा १९९ परियोजना सञ्चालन गरिने बताउनुभयो। शुभारम्भ गरिएका योजनामा 'मिसन शिक्षित अरुणाचल–चरण दुई', विद्युत् तथा ग्रामीण सडक विकास कार्यक्रम र 'मिसन सुरक्षा' रहेका छन्।

विदेशमन्त्री डा. एस. जयशंकर

विदेशमन्त्री डा. एस. जयशंकरले हिजो नयाँ दिल्लीमा नेदरल्यान्ड्सका विदेशमन्त्री टम बेरेन्डसेनसँग द्विपक्षीय वार्ता गर्नुभयो। भेटका क्रममा उहाँले भारत र नेदरल्यान्ड्सबीचको सम्बन्ध रणनीतिक साझेदारीमा स्तरोन्नति भएको उल्लेख गर्दै युरोपेली सङ्घसँगको स्वतन्त्र व्यापार सम्झौता तथा सुरक्षा र रक्षा सहकार्यलाई महत्वपूर्ण बताउनुभयो। उहाँले उक्त व्यापार सम्झौता कार्यान्वयनमा ल्याउन भारत इच्छुक रहेको पनि बताउनुभयो।
दुवै मन्त्रीले युक्रेन द्वन्द्व, ब्ल्याक सी क्षेत्रको अवस्था तथा खाडी क्षेत्रको द्वन्द्वबारे छलफल गर्नुभयो। साथै, आतंकवाद र जलवायु परिवर्तनजस्ता विषयमा मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो। दुईदिने भारत भ्रमणमा रहनुभएका नेदरल्यान्ड्सका विदेशमन्त्री बेरेन्डसेनले आज केन्द्रीय मन्त्री अश्विनी वैष्णवसँग पनि भेट गर्ने कार्यक्रम रहेको छ।

अर्थमन्त्री निर्मला सीतारमण

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज नयाँ दिल्लीमा आगामी केन्द्रीय बजेट २०२७–२८ का लागि अनुसन्धान तथा विकास र उच्च शिक्षा क्षेत्रका विशेषज्ञहरूसँग ११औँ पूर्व-बजेट परामर्श बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा आर्थिक मामिला विभाग, शिक्षा मन्त्रालय र जैवप्रविधि विभागका सचिव तथा मुख्य आर्थिक सल्लाहकार डा. वी. अनन्त नागेश्वरन सहभागी हुनुभयो।
यसअघि उहाँले स्वास्थ्य तथा सामाजिक क्षेत्रका विशेषज्ञ र सरोकारवालासँग १०औँ पूर्व-बजेट परामर्श बैठक पनि गर्नुभएको थियो। वित्त मन्त्रालयले बजेटमा विभिन्न क्षेत्रका सुझाव समेट्न प्रत्येक वर्ष विशेषज्ञ, उद्योगी, अर्थशास्त्री तथा राज्यका अधिकारीहरूसँग यस्ता परामर्श बैठक आयोजना गर्दै आएको छ।

पत्र सूचना कार्यालय

पत्र सूचना कार्यालय (पीआईबी), गुवाहाटीले सोमबार पूर्वोत्तर भारतका समाचारपत्र तथा आवधिक प्रकाशनका प्रकाशकहरूसँग ‘वार्ता’ अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा प्रेस तथा आवधिक प्रकाशन ऐन, २०२३ र प्रेस सेवा पोर्टलमार्फत उपलब्ध सेवाबारे जानकारी दिइयो। भारतका अतिरिक्त प्रेस रजिस्ट्रार जनरल सन्तोष कुमारले नयाँ ऐनले दर्ता प्रक्रिया सरल, पारदर्शी र प्रविधिमैत्री बनाएको बताउनुभयो। उहाँले प्रकाशकहरूले वार्षिक विवरण अनिवार्य रूपमा बुझाउनुपर्ने र प्रकाशन भएको ४८ घण्टाभित्र पहिलो पृष्ठ पोर्टलमा अपलोड गर्नुपर्ने जानकारी दिनुभयो। तीन वर्षभन्दा बढी समयसम्म वार्षिक विवरण नबुझाएका प्रकाशनलाई निष्क्रिय वर्गमा राखिने र १० वर्षभन्दा बढी समयसम्म विवरण नबुझाएका प्रकाशनको दर्ता रद्द गरिएको उहाँले बताउनुभयो। यसअन्तर्गत करिब ८८ हजार प्रकाशनको दर्ता रद्द गरिएको छ। कार्यक्रममा असम, मेघालय, मिजोरम र नागाल्यान्डका प्रकाशक तथा सञ्चालकहरूको सहभागिता रहेको थियो।

मेरा युवा भारत

युवा मामिला तथा खेलकुद मन्त्रालयले संविधान दिवसका अवसरमा ‘मेरा युवा भारत’ मार्फत देशभरका ५०० भन्दा बढी कलेजमा ‘विकसित भारत युवा संवाद’ आयोजना गर्ने भएको छ। तीनदिने कार्यक्रम भोलिदेखि सुरु हुनेछ। १५ देखि २९ वर्ष उमेर समूहका युवालाई भारतको विकास यात्रा र भविष्यका लक्ष्यसँग जोड्नु यस कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ।
कार्यक्रममा सहभागी युवाहरूले संविधानको प्रस्तावना सामूहिक रूपमा वाचन गर्नेछन्। साथै, अन्तरक्रिया र जनचेतनामूलक सत्रमार्फत युवाहरूलाई सन् २०४७ सम्म विकसित भारत निर्माणको अभियानमा सक्रिय सहभागी हुन प्रेरित गरिनेछ।

मन्त्री शिवराज सिंह चौहान

कृषि तथा किसान कल्याणमन्त्री शिवराज सिंह चौहानले सरकारको समग्र प्रयासबाट भारतमा ५० करोड मानिसलाई चरम गरिबीबाट बाहिर ल्याइएको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित गरिबी न्यूनीकरणमा कृषिको भूमिका र योगदानसम्बन्धी कार्यशालालाई सम्बोधन गर्दै उहाँले यस उपलब्धिमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो। उहाँले विश्व बैंकको हालैको प्रतिवेदनले पनि भारतमा गरिबी घट्ने गति तीव्र रहेको स्वीकार गरेको बताउँदै कृषि अधिकारी, अनुसन्धानकर्ता तथा सरोकारवालाहरूको योगदानको प्रशंसा गर्नुभयो।

आई एफ एफ आई

गोवामा जारी ५७औँ भारतीय अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (आईएफएफआई) २०२६ को चौथो दिन शान्ति, करुणा र सांस्कृतिक सद्भावका विषयमा आधारित चलचित्र प्रदर्शन भइरहेका छन्। आजको प्रमुख आकर्षण आईसीएफटी–युनेस्को गान्धी पदकका लागि १० वटा भारतीय तथा अन्तर्राष्ट्रिय चलचित्रबीचको प्रतिस्पर्धा रहेको छ। यसमा भारतका 'कबिर सर का आखिरी लेसन', 'स्क्रोल' र 'सेभ मिच्चर' सहित सातवटा विदेशी चलचित्र सहभागी छन्। यस पुरस्कारले महात्मा गान्धीका अहिंसा, सहिष्णुता र शान्तिपूर्ण सहअस्तित्वका आदर्श प्रतिबिम्बित गर्ने चलचित्रलाई सम्मान गर्दछ। प्रतियोगितामा रहेको टर्कीकी चलचित्र निर्माता एलिफ आदाको चलचित्र 'द फार्म' ले १२ वर्षीया बालिकाको दृष्टिकोणबाट करुणाको सन्देश प्रस्तुत गरेको छ। महोत्सवमा 'गोवा इन सिनेमा' विषयमा प्यानल छलफल पनि आयोजना गरिएको छ। साथै, चलचित्र निर्माता अयान मुखर्जी र अभिनेता–निर्देशक बेसिल जोसेफको सहभागितामा 'द एपिक जेनेर्स–माइथोलोजिज, सुपरहिरोज एन्ड न्यू वर्ल्ड्स' विषयक अन्तरक्रिया कार्यक्रम पनि तय गरिएको छ।

भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरण (एफएसएसएआई) ले असुरक्षित प्याकेज्ड पिउने पानीसम्बन्धी मामिलामा एक निजी कम्पनीविरुद्ध मुद्दा चलाउन अनुमति दिएको छ। कम्पनीको परिसरबाट सङ्कलन गरिएको पानीको नमुना परीक्षण गर्दा निर्धारित ब्रोमेटको सीमाभन्दा बढी मात्रा भेटिएपछि त्यसलाई असुरक्षित घोषित गरिएको थियो। कम्पनीको अपिलपछि पुनः परीक्षणका लागि पठाइएको नमुनामा पनि पोलिन्युक्लियर एरोमेटिक हाइड्रोकार्बन भेटिएपछि असुरक्षित ठहर गरिएको थियो। खाद्य सुरक्षा तथा मानक ऐन, २००६ को उल्लङ्घन पुष्टि भएपछि कम्पनीविरुद्ध कानुनी कारबाही अघि बढाउन अनुमति दिइएको एफएसएसएआईले जनाएको छ।

गृह मन्त्रालय

गृह मन्त्रालयले व्हाट्सएप वेब प्रयोग गर्दा सावधानी अपनाउन प्रयोगकर्ताहरूलाई आग्रह गरेको छ। भारतीय साइबर अपराध समन्वय केन्द्रको राष्ट्रिय साइबर अपराध खतरा विश्लेषण इकाईले प्रमाणित व्हाट्सएप वेब सत्रको दुरुपयोग गरी प्रयोगकर्ताको खातामा अनधिकृत पहुँच प्राप्त गर्न सकिने जोखिम औँल्याएको छ। यस्तो पहुँचबाट व्यक्तिका सन्देश पढ्ने, उनको नाममा सन्देश पठाउने, सम्पर्क सूची तथा समूहका कुराकानीमा पहुँच पुऱ्याउने र ठगी, फिसिङ तथा अन्य साइबर अपराध गर्न सकिने जनाइएको छ। मन्त्रालयले व्हाट्सएप वेबमार्फत आधिकारिक, संस्थागत, वित्तीय तथा गोप्य जानकारी आदानप्रदान नगर्न सुझाव दिएको छ। साथै, व्हाट्सएप वेबलाई सधैँ लगइन अवस्थामा नराख्न र प्रत्येक प्रयोगपछि अनिवार्य रूपमा लगआउट गर्न आग्रह गरिएको छ। प्रयोगकर्तालाई आफ्नो अपरेटिङ सिस्टम, ब्राउजर र सुरक्षा सफ्टवेयर नियमित रूपमा अपडेट गर्न तथा शंकास्पद डाउनलोड, अपरिचित फाइल, क्र्याक गरिएको सफ्टवेयर र अविश्वसनीय एट्याचमेन्टबाट टाढा रहन पनि सुझाव दिइएको छ।

अन्त्यमा मुख्य समाचार फ्लास एकपल्ट

- **नपालका प्रधानमन्त्री बालेन्द्र शाहद्वारा राष्ट्रपति द्रौपदी मुर्मूसँग भेटवार्ता ।।**
- **भारत र नपालबीच आठवटा सहकार्य सम्झौतामा हस्ताक्षर ।।**
- **सीमावर्ती गाउँको विकास र पूर्वाधार विस्तारमा केन्द्र सरकारको जोड।।**
- **भारत र नेदरल्यान्ड्सबीच रणनीतिक साझेदारी थप सुदृढ बनाउने विषयमा छलफल।।**

अनी

- **केन्द्रीय बजट २०२७–२८ का लागि वित्तमन्त्रीद्वारा पूर्व-बजट परामर्श।।**